## प्रेस विज्ञप्ती

## Filo International Yarn Exhibition, 2018 मा नेपालको सहभागिता

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल धागो उत्पादक संघको सहकार्यमा ईटलीको मिलान शहरमा यही सेप्टेम्वर २६ र २७, २०१८ सम्म आयोजना हुने Filo International Yarn Exhibition मा नेपालको सहभागिता बारे भए/गरेका पूर्व तयारी कार्यहरु बारे जानकारी एवं प्रचार प्रसारको लागि पत्रकार भेटघाटको आयोजना गरियो ।

उक्त कार्यक्रममा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री सरद विक्रम राणाले मेलामा सहभागिता गर्नुको उद्देश्य, मेलाका गतिविधिहरु बारे प्रकाश पार्नु भएको थियो । उक्त अवसरमा कार्यकारी निर्देशकले विभिन्न किसिमको सिन्थेटिक तथा अन्य धागोहरुको बजार प्रवर्द्धन र विविधिकरणको लागि नेपाल सरकारले पहिलो पटक अन्तर्राष्ट्रिय धागो मेलामा सहभागिता गर्न लागेको, नेपाली धागोको हाल टर्कि र भारतमा मात्र निर्यात तथा व्यापार भईरहेको परिप्रेक्षमा अन्य मुलुकहरुमा पनि प्रचार प्रसार एवं प्रवर्द्धन र विविधिकरण गर्दै जाने उद्देश्य साथै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका यादवज्यूले केन्द्रबाट आयोजना गर्ने कार्यक्रम र खर्च बारे सरोकारवालाहरु लगायत मिडियाहरुलाई जानकारी गराई पारदर्शिता ल्याउनु भन्ने निर्देशनको पालना गर्दै यो कार्यक्रमको आयोजना गरिएको हो भन्नु हुँदै विश्वको सबैभन्दा ठूलो एवं उत्कृष्ट धागो मेलामा सहभागिता गर्न लागेको, मेलाको अवसरमा B2B बैठक तथा नेपाल साँझको आयोजना, ३x४ वर्ग मिटरको १ (एक) वटा स्टल बुकिङ्ग गरिएको र सो वापत रु. ६,५०,०८३।- भुक्तानी गरिसकिएको बारे जानकारी गराउनु भयो । उक्त स्टल मार्फत नेपाली धागोको प्रचार प्रसारको लागि नेपालमा रहेका ४ वटा धागो उत्पादन कम्पनीहरु मध्ये ३ वटा कम्पनीहरु क्रमश: रिलायन्स स्पिनिङ्ग लि. खनार, सुनसरी, त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.बारा, नारायणी र जगदम्वा स्पिनिङ्ग मिल्स प्रा.लि., भैरहवा, रुपन्देहीले सहभागिता गर्ने तथा यस मेलामा नेपाल लगायत विश्वका ८० राष्ट्रहरुले सहभागिता जनाउँने पनि सो अवसरमा उहाँले बताउँनु भएको थियो । सो अवसरमा विश्वबाट धागो आयात गर्ने मुलुकहरु टर्की र भारतको अलवा ब्राजिल, इटली, बंगलादेश, पाकिस्तान, इन्डोनेशिया र दक्षिण कोरिया समेत रहेको हुँदा ती मुलुकहरु पनि नेपाली धागोको लागि Potential Market हुने वताउनु भएको थियो ।

सोही कार्यक्रमको अवसरका केन्द्रका नायव कार्यकारी निर्देशक श्री सुयश खनालले नेपालको कुल निर्यातमा एचएसकोड ५५०९ अन्तर्गतको यार्न नेपालको कुल निर्यातमा १०.४ प्रतिशत शेयर सहित सबैभन्दा बढी निर्यात हुने वस्तुहरुको रुपमा रहेको बताउनु भयो । वहाँले यार्नको प्रमुख निर्यात गन्तव्यमा टर्कीको अँश ५५ प्रतिशत तथा भारतको अँश ४५ प्रतिशत रहेको जानकारी समेत गराउनु भयो । विश्वको निर्यात बजारमा नेपालको हिस्सा १.३ प्रतिशत सहित १४ औं स्थानमा रहेको र यार्नको विश्वको कुल बजार करीव ५ अर्व डलर बराबर रहेकोमा इटालीको हिस्सा ४.३ प्रतिशत सहित युरोपको सबैभन्दा ठूलो आयातकर्ता मुलुक समेत रहेको वहाँले जानकारी गराउनु भयो । नेपालको यार्न उद्योगमा रु. १५ अर्व लगानी र १० हजार जतिको रोजगारी उपलब्ध गराएको र यार्न उत्पादन प्रक्रियामा ४० देखि ५० प्रतिशतसम्म मूल्ययोग (Value addition) हुने गरेको तथा वार्षिक करीव ४० हजार मे.ट. उत्पादन भई रहेको पनि वहाँले यस अवसरमा बताउनु भयो । यस अवस्थामा यार्नको बजार विविधिकरण गरी निर्यात गर्ने वातवारण सिर्जना गर्न यो मेला निकै उपयोगी हुने पनि वहाँले बताउनु भयो ।

उक्त अवसरमा केन्द्रका उप-निर्देशक श्री राजेन्द्र सिंहले हालै मात्र टर्की सरकारबाट नेपाली सिन्थेटिक धागोमा Anti-circumvention duty लगाउन WTO मा Notification जारी गरेको र टर्की बजारमा नेपाली धागोको बजार खस्कन सक्ने देखिएकोले अन्य मुलुकहरुमा बजार खोजी गर्ने उद्देश्यले पनि यस मेलामा सहभागिता गर्न लागेको बारे बताउँनु भएको थियो ।

यसै गरी सो अवसरमा नेपाल धागो उत्पादक संघका सचिव श्री उत्तम प्रसाद गौतमले नेपाली धागोको विश्वका अन्य धागोसंग मुल्य एवं गुणस्तर दुवैमा प्रतिस्प्रर्धा गर्न सक्ने क्षमता रहेको र नेपाली धागोको मुख्य बजार टर्की र भारत बाहेक अन्य मुलुकहरुमा समेत निर्यात गर्न सक्यौ भने अहिलेको अवस्थामा दोब्बर परिमाण र मुल्यमा समेत निर्यात गर्न सक्छौं भन्ने समेतको जानकारी गराउँनु भएको थियो ।